# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना: प्रत्येक नेपाली नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने, व्यक्तिका वैयक्तिक र जैविक विवरण तथा राष्ट्रिय परिचय नम्बर सहितको बहुउपयोगी राष्ट्रिय परिचयपत्र प्रदान गर्ने, एकीकृत राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीको विकास गरी सो प्रणालीलाई राज्यबाट उपलव्ध सेवा सुविधा र राष्ट्रिय विकास योजना एवम् सुरक्षा व्यवस्थासँग आबद्ध गर्ने तथा व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जैविक विवरण" भन्नाले दफा ७ को उपदफा (३) बमोजिमको जैविक विवरण सम्झनु पर्छ ।

(ख) "तथ्याङ्क भण्डार" भन्नाले दफा ३० बमोजिमको विद्युतीय तथ्याङ्क भण्डार सम्झनु पर्छ र सो शब्दले तथ्याङ्क भण्डारण गर्ने प्रयोजनका लागि खडा गरिएको अभिलेख पुस्तिकालाई समेत जनाउँछ ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(घ) "दर्ता किताब" भन्नाले पञ्जीकरण तथा नागरिक अभिलेख राख्न खडा गरिएको अभिलेख दर्ता पुस्तिका सम्झनु पर्छ र सो शब्दले आधुनिक सूचना प्रविधिको प्रयोग गरी निर्माण गरिएको तथ्याङ्क भण्डारलाई समेत जनाउँछ ।

(ङ) "पञ्जीकरण" भन्नाले नागरिकको परिचय खुल्ने गरी अभिलेख राख्ने तथा व्यक्तिगत घटना दर्ता गर्ने कार्य सम्झनु पर्छ ।

(च) "पञ्जीकाधिकारी" भन्नाले दफा १८ अनुसारको पञ्जीकाधिकारी (रजिष्ट्रार) सम्झनु पर्छ ।

(छ) “परिचय नम्बर” भन्नाले दफा ६ बमोजिम प्रदान गरिएको राष्ट्रिय परिचय नम्बर सम्झनु पर्छ ।

(ज) “परिचयपत्र” भन्नाले दफा ९ बमोजिम प्रदान गरिएको राष्ट्रिय परिचयपत्र सम्झनु पर्छ ।

(झ) “परिचयपत्र प्राप्त गर्न योग्य व्यक्ति” भन्नाले दफा ४ बमोजिम योग्यता पुगेको व्यक्ति सम्झनु पर्छ।

(ञ) "परिवारको मुख्य व्यक्ति" भन्नाले परिवारको वरिष्ठ व्यक्ति वा परिवारको पालन पोषण वा वन्दोबस्त मिलाउने व्यक्ति सम्झनु पर्दछ ।

(ट) "बसाइँ सराइ" भन्नाले एक सय असि दिन भन्दा बढि अवधिको लागि नेपाल भित्र एक स्थानीय तहबाट अर्को स्थानीय तहको क्षेत्रमा वा एउटै स्थानीय तहको एक वडाबाट अर्को वडामा बसाइँ सर्ने कार्य सम्झनु पर्छ र सो शब्दले विदेशमा बसाइँ सरी जाने वा विदेशबाट बसाइँ सरी आउने कार्यलाई समेत जनाउँछ ।

(ठ) “मन्त्रालय” भन्नाले नेपाल सरकारको गृह मन्त्रालय सम्झनु पर्छ।

(ड) “महानिर्देशक” भन्नाले विभागको महानिर्देशक सम्झनु पर्छ।

(ढ) “विभाग” भन्नाले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग सम्झनु पर्छ ।

(ण) “वैयक्तिक विवरण” भन्नाले व्यक्तिको परिचय खुल्ने नाम, थर, ठेगाना, लिङ्ग, जन्म मिति, बाबु, आमा, पति, पत्नी, बाजे, बज्यैको नाम तथा सोसँग सम्बन्धित विवरण सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारको कुनै कार्यालय वा निकायमा रहेको ब्यक्तिको योग्यता, पेशा, व्यवसाय, आय, स्वामित्व, सम्बन्धी व्यक्तिगत विवरणलाई समेत जनाउँछ ।

(त) "व्यक्तिगत घटना" भन्नाले कुनै व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइँ सराइ सम्झनु पर्छ ।

(थ) “समन्वय समिति” भन्नाले दफा ३८ बमोजिमको समन्वय समिति सम्झनु पर्छ।

(द) “स्थानीय अधिकारी” भन्नाले दफा ३ बमोजिम परिचयपत्र लागू भएको जिल्लाको हकमा सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत

र परिचयपत्र लागू नभएको जिल्लाको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अधिकारी सम्झनु पर्छ ।

(ध) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद-२

## राष्ट्रिय परिचयपत्र तथा परिचय नम्बर

३. **परिचय पत्र लागू हुने:** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको जिल्लामा त्यस्तो सूचनामा तोकिएको मिति देखि राष्ट्रिय परिचयपत्र लागू हुनेछ ।

(२) दफा ४ बमोजिमको योग्यता पुगेका व्यक्तिलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ ।

४. **परिचयपत्र प्राप्त गर्ने योग्यता:** (१) प्रचलित कानून बमोजिम नेपालको नागरिकता प्राप्त गरेको वा नेपालको नागरिकता प्राप्त गर्न योग्यता पुगेको व्यक्ति यस ऐन बमोजिम राष्ट्रिय परिचयपत्र प्राप्त गर्न योग्य हुनेछ । कुनै पनि नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्र प्राप्त गर्नबाट वञ्चित गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नागरिकता प्राप्त गर्ने उमेर पूरा नभएको नेपाली नागरिकले तोकिए बमोजिमको नाबालक राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सक्नेछ ।

५. **व्यक्तिको दायित्व:** (१) परिचय नम्बर र परिचयपत्रको लागि आवश्यक पर्ने विवरण उपलब्ध गराउने, परिचय नम्बर सहितको परिचयपत्र लिने तथा परिचयपत्रमा उल्लिखित विवरणमा हेरफेर भएमा वा कुनै कारणबाट प्रयोगमा आउन नसक्ने भएमा सोको जानकारी स्थानीय अधिकारीलाई गराउने दायित्व सम्बन्धित व्यक्तिको हुनेछ ।

(२) परिचयपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा स्थानीय अधिकारीलाई त्यसको जानकारी दिने दायित्व परिवारको मुख्य व्यक्तिको हुनेछ ।

६. **परिचय नम्बर:** (१) परिचयपत्र प्रदान गर्ने क्रममा परिचयपत्र प्राप्त गर्न योग्य व्यक्तिलाई नदोहोरिने गरी महानिर्देशकबाट राष्ट्रिय परिचय नम्बर प्रदान गरिनेछ ।

(२) परिचय नम्बर प्राप्त व्यक्तिको मृत्यु भएको वा कुनै कारणबाट त्यस्तो व्यक्तिको परिचयपत्र रद्द भएको वा कायम नरहेको अवस्थामा समेत उपदफा (१) बमोजिमको परिचय नम्बर कायमै रहनेछ ।

(३) दफा ४ को उपदफा (१) बमोजिम परिचयपत्र लागू भएको जिल्लामा बसोबास गर्ने नेपाली नागरिकका सन्तानको जन्मदर्ता गर्दाको बखत स्थानीय पञ्जिकाधिकारीले

विभागबाट तोकिए बमोजिम परिचय नम्बर प्राप्त गरी सम्बन्धित व्यक्तिलाई त्यस्तो परिचय नम्बर प्रदान गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम परिचय नम्बर प्रदान गर्न सम्बन्धित व्यक्तिको जैविक विवरण आवश्यक पर्ने छैन ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नाबालक राष्ट्रिय परिचयपत्र प्रदान गर्नुपर्ने अबस्थामा तोकिए बमोजिमका वैयक्तिक तथा जैविक विवरण समेत उपलब्ध गराउनु पर्नेछ ।

तर नाबालक राष्ट्रिय परिचयपत्र प्राप्त गरेको व्यक्तिले यस ऐन बमोजिम राष्ट्रिय परिचयपत्र लिँदा पुनः जैविक विवरण उपलब्ध गराउनु पर्नेछ ।

(६) परिचय नम्बर सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

७. **परिचयपत्र प्राप्त गर्न निवेदन दिनुपर्नेः** (१) दफा ४ को उपदफा (१) बमोजिम परिचयपत्र लागू भएको जिल्लामा बसोबास गर्ने र त्यसरी परिचयपत्र लागू हुँदाका बखत सोह्र वर्ष उमेर पुगेका व्यक्तिले सो जिल्लामा परिचयपत्र लागू भएको मितिले दुई वर्षभित्र र परिचयपत्र लागू भएपछि सोह्र वर्ष उमेर पुग्ने व्यक्तिले उमेर पुगेको मितिले दुई वर्षभित्र परिचयपत्र प्राप्त गर्नको लागि स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने व्यक्तिले परिचय नम्बर प्राप्त गरेको भए त्यस्तो परिचय नम्बर र परिचय नम्बर प्राप्त नगरेको भए सोही ब्यहोरा खुलाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले निवेदन दिने व्यक्तिको स्पष्ट मुखाकृति देखिने गरी विद्युतीय (डिजिटल) तस्वीर, दुवै हातका दश औंलाको विद्युतीय छाप, हस्ताक्षर लगायतका तोकिए बमोजिमका वैयक्तिक तथा जैविक विवरण लिनु पर्नेछ ।

तर जैविक विवरणहरू सङ्कलन गर्दा कुनै वा सबै औंला नभएका व्यक्तिका हकमा सो व्यहोराको कैफियत जनाई सम्भव भएसम्मका जैविक विवरण लिईनेछ ।

(४) उपदफा (१) बमोजिमको अवधि भित्र परिचयपत्रको लागि निवेदन नदिने व्यक्तिले सो अवधि पछि परिचयपत्र माग गरी निवेदन दिएमा त्यस्तो व्यक्तिले तोकिए बमोजिमको विलम्ब दस्तुर समेत बुझाउनु पर्नेछ ।

(५) यस दफा बमोजिम दिने निवेदनको ढाँचा तथा निवेदन साथ पेश गर्नु पर्ने कागजातको विवरण तोकिए बमोजिम हुनेछ ।

(६) यस दफा बमोजिम निवेदन दिँदा तोकिए बमोजिम विद्युतीय ढाँचामा समेत दिन सक्ने व्यवस्था मिलाइनेछ ।

८. **<u>निवेदन उपर छानबिन गर्ने:</u>** (१) दफा ७ बमोजिम पर्न आएको निवेदनको आधारमा स्थानीय अधिकारीले आवश्यक छानबिन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय अधिकारीले आवश्यक छानबिनको क्रममा कुनै थप कागजात वा विवरण आवश्यक भएमा निवेदकसँग त्यस्तो कागजात वा विवरण माग गर्न तथा थप छानबीन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम स्थानीय अधिकारीले गरेको छानबिनबाट निवेदक परिचयपत्र प्राप्त गर्न योग्य भएमा यस ऐन बमोजिम आवश्यक पर्ने वैयक्तिक र जैविक विवरण प्राप्त भएपछि परिचयपत्र उपलब्ध गराउनका लागि विभाग समक्ष सिफारिस गर्नेछ ।

९. **<u>परिचयपत्र प्रदान गर्ने :</u>** (१) दफा ७ बमोजिम प्राप्त निवेदन तथा दफा ८ बमोजिम परिचयपत्र उपलब्ध गराउनको लागि सिफारिस भएका व्यक्तिको निवेदन सहितको विवरण अभिलेख राख्ने तथा प्रशोधन गर्ने प्रयोजनका लागि स्थानीय अधिकारीले विभागमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको अभिलेख कायम गरी महानिर्देशकले जैविक विवरण, विद्युतीय चीप र सुरक्षण सहितको स्मार्टकार्ड प्रविधिमा आधारित राष्ट्रिय परिचयपत्र जारी गर्नेछ ।

(३) परिचयपत्रमा देहायका विवरण उल्लेख गरिनेछः-

(क) नाम, थर,

(ख) जन्म मिति,

(ग) लिङ्ग,

(घ) राष्ट्रियता,

(ङ) परिचय नम्बर,

(च) फोटो,

(छ) ठेगाना,

(ज) नागरिकताको किसिम र नागरिकता नम्बर (नागरिकता प्राप्त व्यक्तिको लागि मात्र),

(झ) जैविक विवरण ।

(४) परिचयपत्र प्राप्त गर्न निवेदन दिने नेपाली नागरिकता प्राप्त व्यक्तिलाई नागरिकताको आधारमा र नागरिकता प्राप्त नगरेको तर नेपाली नागरिकता प्राप्त गर्न योग्य व्यक्तिलाई तोकिए बमोजिमका प्रमाणको आधारमा परिचयपत्र प्रदान गरिनेछ ।

(५) नाबालक राष्ट्रिय परिचयपत्रको लागि संलग्न गर्नुपर्ने विवरण, परिचयपत्रको ढाँचा लगायतका अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१०. **परिचय नम्बर, परिचयपत्रको मान्यता र प्रयोगः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि परिचयपत्र लागू भएपछि नेपाल सरकारको स्वामित्वमा रहेको निकाय, संस्था तथा निजी क्षेत्रबाट प्रदान गरिने कुनै पनि सेवा सुविधा प्राप्त गर्न वा त्यस्तो सेवा सुविधाको माग गर्दा परिचयपत्र पेश गर्नु पर्नेछ ।

तर परिचय नम्बरको आधारमा निजको विवरण हेर्न मिल्ने अवस्थामा परिचयपत्र नभए पनि **परिचय नम्बरको आधारमा** त्यस्तो सुविधा प्राप्त गर्न सक्नेछ।

(२) परिचयपत्रलाई सार्वजनिक सेवा प्राप्तीको लागि मुख्य आधार तथा व्यक्तिको पहिचानको प्रमाणको रुपमा मान्यता दिईनेछ ।

(३) सरकारी तथा निजी संस्थाले कुनै सेवा दिनको लागि कुनै परिचयपत्र जारी गरेको वा सोको लागि कुनै परिचयपत्र आवश्यक पर्ने व्यवस्था रहेकोमा त्यस्तो परिचयपत्रको सट्टा यस ऐन बमोजिमको परिचय नम्बर वा परिचयपत्रलाई उपयोग गर्न सकिनेछ ।

(४) उपदफा (४) बमोजिम परिचय नम्बर वा परिचयपत्र उपयोग गर्ने प्रयोजनको लागि सरकारी तथा निजी संस्थाले आवश्यक पूर्वाधार निर्माण गरी यस ऐन बमोजिम सङ्कलन भएको विवरण मध्ये तोकिए बमोजिमका विवरणमा त्यस्तो संस्थालाई तोकिए बमोजिमको दस्तुर लिई मन्त्रालयले पहुँच उपलब्ध गराउन सक्नेछ ।

(५) परिचयनम्बर, परिचयपत्रको मान्यता र प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **अभिलेख राख्नेः** (१) यस ऐन बमोजिम परिचय नम्बर वा परिचयपत्र प्रदान गरिएको व्यक्तिको देहाय बमोजिमको विवरणको अभिलेखमा राख्नु पर्नेछः-

(क) नाम, थर,

(ख) जन्म मिति,

(ग) लिङ्ग,

(घ) राष्ट्रियता,

(ङ) राष्ट्रिय परिचय नम्बर,

(च) फोटो,

(छ) ठेगाना,

(ज) नागरिकताको किसिम र नागरिकता नम्बर (नागरिकता प्राप्त व्यक्तिको लागि),

(झ) जैविक विवरण,

(ञ) बाबु, आमाको नाम,

(ट) बाजे, बज्यैको नाम,

(ठ) पति वा पत्नीको नाम,

(ड) तोकिए बमोजिमका अन्य विवरण ।

(२) परिचयपत्र प्राप्त गरेका व्यक्तिको वैयक्तिक तथा जैविक विवरण अद्यावधिक गर्ने र त्यसको आधारमा अद्यावधिक परिचयपत्र उपलब्ध गराउने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१२. **विवरण सच्याउन सक्ने** : (१) परिचयपत्रमा उल्लिखित विवरणमा कुनै त्रुटि भएमा वा विवरण थपघट गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिले त्यस्तो विवरण सच्याउन वा थपघट गर्न तोकिए बमोजिमको ढाँचामा तोकिएको निकाय वा अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदनको आधारमा विवरण सच्याउन सकिनेछ ।

(३) यस दफा बमोजिम विवरण सच्याउँदा परिचय नम्बर परिवर्तन हुने छैन ।

१३. **परिचयपत्र रद्द गर्ने**: (१) मन्त्रालयले देहायको कुनै अवस्थामा परिचयपत्र रद्द गर्न सक्नेछः-

(क) दफा ४ बमोजिम योग्यता नपुगेको व्यक्तिले परिचयपत्र लिएमा,

(ख) झुट्टो विवरण पेश गरी परिचयपत्र लिएमा,

(ग) विदेशी नागरिकले परिचयपत्र लिएमा,

(घ) परिचयपत्र प्राप्त गरेको व्यक्ति नेपालको नागरिक नरहेमा ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र रद्द गर्ने निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१४. **<u>परिचयपत्र कायम नरहने:</u>** (१) परिचयपत्र प्राप्त व्यक्तिको मृत्यु भएमा मृतकको परिचयपत्र कायम रहने छैन ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र कायम नरहेको अबस्थामा सोको अभिलेख अद्यावधिक गरी तथ्याङ्क भण्डार तथा अभिलेखमा रहेको मृतकको विवरण सुरक्षित राखिनेछ ।

१५. **<u>छानबिनको अभिलेखीकरण</u>** : (१) कुनै व्यक्तिले प्राप्त गरेको परिचयपत्र दफा १३ बमोजिम रद्द गर्ने कारबाही प्रारम्भ भएकोमा कारबाहीको टुङ्गो नलागेसम्म परिचयपत्रको प्रयोग गर्न नपाईने गरी कारबाहीको क्रममा रहेको व्यहोरा विभागले सम्बन्धित व्यक्तिको परिचयपत्र सम्बन्धी विद्युतीय अभिलेखमा जनाउनेछ ।

(२) उपदफा (१) बमोजिमको कारबाहीबाट परिचयपत्र कायम हुने देखिएमा सो छानबिनको अभिलेख तथ्याङ्क भण्डारमा मात्र रहने व्यवस्था मिलाईनेछ ।

१६. **<u>प्रतिलिपि सम्बन्धी व्यवस्था :</u>** (१) यस ऐन बमोजिम लिएको परिचयपत्र हराएमा, नासिएमा, काम नलाग्ने भएमा वा अन्य कारणबाट परिचयपत्रको प्रयोग हुन नसक्ने अवस्थामा सोको प्रतिलिपि लिन सम्बन्धित व्यक्तिले तोकिएको ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा र सो सम्बन्धमा छानबिन गर्दा व्यहोरा साँचो ठहरिएमा स्थानीय अधिकारीले सिफारिस सहित विभागमा पठाउनु पर्नेछ र विभागले सोको अभिलेख जनाई तोकिए बमोजिम निजलाई परिचयपत्रको प्रतिलिपि प्रदान गर्नेछ ।

(३) परिचयपत्रको प्रतिलिपि सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१७. **<u>दस्तुर :</u>** यस ऐन बमोजिम परिचयपत्र लिंदा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

## परिच्छेद -३

## पञ्जीकरण सम्बन्धी व्यवस्था

१८. **पञ्जीकाधिकारीः** (१) यस ऐनको प्रयोजनको लागि विभागको महानिर्देशक केन्द्रीय पञ्जीकाधिकारी (रजिष्ट्रार) को रुपमा रहनेछ ।

(२) प्रत्येक गाउँपालिका वा नगरपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न अधिकार प्राप्त कर्मचारी, विदेश स्थित नेपाली नियोगमा पञ्जीकरण सम्बन्धी कार्य गर्न तोकिएको अधिकृत तथा महानिर्देशकले तोकेका अन्य पदाधिकारीले केन्द्रीय पञ्जीकाधिकारीको मातहतमा रहने गरी स्थानीय पञ्जीकाधिकारी (रजिष्ट्रार) को रुपमा कार्य गर्नु पर्नेछ ।

(३) पञ्जीकरण व्यवस्थापनका लागि प्रत्येक वडा कार्यालय तथा मन्त्रालयले तोकिदिएका अन्य कार्यालयले स्थानीय पञ्जीकरण कार्यालयको रुपमा कार्य गर्नेछ ।

१९. **व्यक्तिगत घटनाको सूचनाः** (१) देहायको अवस्थामा देहायका व्यक्तिले व्यक्तिगत घटना दर्ता गराउनको लागि त्यस्तो घटना घटेको पैंतीस दिनभित्र तोकिए बमोजिमको फाराम भरी स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा सूचना गर्नु पर्नेछः-

(क) जन्म तथा मृत्युको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको सोऱ्ह वर्ष उमेर पुगेको व्यक्तिले,

(ख) विवाहको सूचना पति पत्नी दुबैले,

(ग) सम्बन्ध विच्छेदको सूचना पति वा पत्नीले,

(घ) बसाइँ सराइको सूचना बसाइँ सर्ने परिवार भए परिवारको मुख्य व्यक्तिले र परिवार नभए बसाइँ सराइ गर्ने व्यक्तिले ।

(२) व्यक्तिगत घटना नेपाल बाहिर घटेको भए उपदफा (१) बमोजिम सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्ति पैतीस दिनभित्र सम्बन्धित नियोगमा वा नेपाल आएपछि साठी दिनभित्र सूचना दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम व्यक्तिगत घटनाको सूचना दिनु पर्ने कर्तव्य भएको व्यक्तिले त्यस्तो सूचना दर्ता गराउनको लागि कुनै व्यक्तिलाई अधिकृत वारेसनामा दिन सक्नेछ ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिम जन्म तथा मृत्युको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्ति नभएको अवस्थामा तोकिए बमोजिमको व्यक्तिले त्यस्तो सूचना दिनु पर्नेछ ।

२०. **व्यक्तिगत घटना दर्ता गर्ने:** (१) दफा १९ बमोजिमको सूचना प्राप्त हुनासाथ स्थानीय पञ्जीकाधिकारी वा नियोगको अधिकार प्राप्त कर्मचारीले देहाय बमोजिम गरी त्यस्तो घटना सम्बन्धित दर्ता किताबमा दर्ता गर्नेछः-

(क) सूचना दिन आउने व्यक्तिले भरेको फाराम ठीक छ छैन जाँची ठीक नभए ठीक गर्न लगाई, र

(ख) सूचना गर्न आउने व्यक्ति लेखपढ गर्न नजान्ने भए निजले भने बमोजिम आफैले फाराम भरी वा भर्न लगाई पढी वाची निजको ल्याप्चे सहीछाप गराई ।

(२) सम्बन्ध विच्छेदको सूचना दर्ता गर्दा सो सम्बन्धमा अदालतबाट भएको निर्णय समेत हेरी दर्ता गर्नु पर्नेछ ।

(३) दफा १९ को उपदफा (१) वा (२) बमोजिमको म्याद नाघेपछि व्यक्तिगत घटनाको दर्ता गराउन आएमा तोकिए बमोजिमको विलम्ब शुल्क लिई त्यस्तो व्यक्तिगत घटना दर्ता गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम व्यक्तिगत घटना दर्ता भए पछि स्थानीय पञ्जिकाधिकारी तथा नियोगले सोको विवरण विभाग समक्ष पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त विवरणको आधारमा विभागले सम्बन्धित व्यक्तिको वैयक्तिक अभिलेखमा विवरण अद्यावधिक गर्नु पर्नेछ ।

(६) विदेशीको व्यक्तिगत घटना दर्ता गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२१. **प्रमाणपत्र दिने:** (१) दफा २० बमोजिम व्यक्तिगत घटनाको सूचना दर्ता भए पछि स्थानीय पञ्जीकाधिकारीले दफा १९ को उपदफा (१) बमोजिमका व्यक्तिलाई व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र दिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (१) बमोजिम परिचयपत्र लागू भएको जिल्लामा बसोबास गर्ने व्यक्तिको हकमा जन्मदर्ता गर्दा राष्ट्रिय परिचय नम्बर प्राप्त गरेको भए अभिलेख जनाई तथा प्राप्त नगरेको भए

विभागबाट राष्ट्रिय परिचय नम्बर प्राप्त गरी सो नम्बर उल्लेख गरेर मात्र जन्मदर्ताको प्रमाणपत्र जारी गर्नु पर्नेछ ।

(३) नेपाल सरकारले दफा ३ को उपदफा (१) बमोजिम परिचयपत्र लागू भएको जिल्लामा बसोबास गर्ने व्यक्तिको मृत्य दर्ता बाहेक अन्य व्यक्तिगत घटना दर्ता गर्दा यस ऐन बमोजिम परिचय नम्बर वा परिचयपत्र प्राप्त भए पछि मात्र त्यस्तो व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र जारी गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(४) यस दफा बमोजिम व्यक्तिगत घटनाको प्रमाणपत्र जारी गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **दर्ता गर्न तथा प्रमाणपत्र दिन नहुने:** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम स्वतः बदर हुने विवाह लगायतका व्यक्तिगत घटनाको दर्ता गर्न तथा सोको प्रमाणपत्र दिनु हुँदैन ।

(२) उपदफा (१) बमोजिम व्यक्तिगत घटना दर्ता गर्न ल्याएमा सो घटनाको बेग्लै अभिलेख राखी सो सम्बन्धमा प्रचलित कानून बमोजिमको कारबाही गर्न सम्बन्धित निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस दफामा लेखिएको कुनै कुराले स्वतः बदर हुने विवाहको परिणामबाट जन्मिएका शिशुको जन्म दर्ता गर्नु पर्ने विषयलाई प्रतिकुल असर पार्ने छैन ।"

२३. **दर्ताको प्रमाणपत्रको नक्कल दिन सकिने:** (१) दफा २१ बमोजिम प्रदान गरिएको दर्ताको प्रमाणपत्र हराएमा वा कुनै प्रकारले नष्ट भएमा वा प्रयोगमा आउन नसक्ने कुरा प्रमाणित भएमा सरोकारवाला व्यक्तिले सम्बन्धित स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदनको व्यहोरा मनासिब देखेमा सम्बन्धित स्थानीय पञ्जीकाधिकारीले तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रको नक्कल दिनेछ ।

२४. **परिवारको लगत तयार गर्न कर्मचारी खटाउन सकिने:** (१) व्यक्तिगत घटना दर्ता गर्ने तथा नागरिक अभिलेख तयार गर्ने प्रयोजनको लागि लगत तयार पार्न आवश्यक देखिएमा नेपाल सरकारले सो कामको लागि कर्मचारी खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटिएको कर्मचारीले मागेको विवरण वा सोधिएको प्रश्नावलीको जवाफ दिनु सम्बन्धित व्यक्तिको कर्तब्य हुनेछ ।

२५. **दर्ताको मान्यता:** दफा २१ बमोजिम प्रदान गरिएको दर्ताको प्रमाणपत्र व्यक्तिगत घटना भएको प्रमाण हुनेछ। त्यस्तो प्रमाण कुनै पनि कार्यालय र अदालतमा पेश गर्न तथा वैयक्तिक कारोबारमा प्रयोग गर्न सकिनेछ ।

तर कुनै व्यक्तिले झुट्टा विवरण दाखिल गरी दर्ताको प्रमाणपत्र लिएको रहेछ भन्ने कुरा प्रमाणित भएमा स्थानीय अधिकारीबाट त्यस्तो दर्ताको प्रमाणपत्र रद्द हुनेछ ।

२६. **विवरण सच्याउन सक्ने:** (१) यो ऐन लागू भएपछि जन्मेको बच्चाको उमेर, नाम, थर वा अन्य विवरण यस ऐनबमोजिम एक पटक दर्ता भई राष्ट्रिय परिचय नम्बर सहित दर्ताको प्रमाणपत्र प्रदान गरिए पछि सच्याउनु परेमा त्यसको लागि सम्बन्धित व्यक्तिले स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा तोकिएको ढाँचामा दरखास्त दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिएको दरखास्त प्राप्त हुन आएपछि स्थानीय पञ्जीकाधिकारीले सो सम्बन्धमा छानबिन गरी उपयुक्त देखिएमा दर्ता किताब र दर्ताको प्रमाणपत्रमा रहेको उमेर, नाम, थर वा अन्य विवरण सच्याई दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरण सच्याएको जानकारी स्थानीय पञ्जीकाधिकारीले विभागलाई समेत उपलब्ध गराउनु पर्नेछ । यसरी प्राप्त विवरणको आधारमा विभागले सम्बन्धित व्यक्तिको परिचय नम्बर रहेकोमा सो परिचय नम्बरमा रहेको त्यस्तो व्यक्तिको विवरणमा समेत सो विवरण सच्याउनु पर्नेछ ।

(४) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको दर्ता किताबमा र प्रदान गरिएको दर्ताको प्रमाणपत्रमा रहेको कुनै व्यक्तिको उमेर एक पटक भन्दा बढी सच्याउन पाइने छैन ।

२७. **व्यक्तिगत घटना दर्ता किताब निरीक्षण गर्न सकिने:** कुनै व्यक्तिले सम्बन्धित स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा रहेको व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेर्न चाहेमा तोकिएको दस्तूर लिई सम्बन्धित पञ्जीकाधिकारीले दर्ता किताब हेर्न दिन सक्नेछ ।

२८. **विवरण पठाउनु पर्ने:** (१) स्थानीय पञ्जीकाधिकारीले प्रत्येक महिना दर्ता भएको व्यक्तिगत घटनाको विवरण केन्द्रीय पञ्जीकाधिकारी तथा प्रदेश सरकारको सम्बन्धित निकाय समक्ष यथाशीघ्र पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको विवरणको आधारमा केन्द्रीय पञ्जिकाधिकारी तथा प्रदेश सरकारको सम्बन्धित निकायले अभिलेख अद्यावधिक गरी वार्षिक नतीजा प्रकाशन गर्नु पर्नेछ ।

२९. **सहयोग गर्नु पर्ने:** (१) यो ऐन बमोजिम दर्ता गराउनु पर्ने व्यक्तिगत घटना भएको थाहा पाएमा सम्बन्धित गाउँपालिका वा नगरपालिका वा वडा कार्यालयले सम्बन्धित व्यक्तिलाई सम्झाई बुझाई त्यस्तो घटनाको सूचना दर्ता गर्ने सम्बन्धमा आवश्यक सहयोग गर्नु पर्नेछ ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नुपर्ने राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी कामको सिलसिलामा खटिएका कर्मचारी वा पञ्जीकाधिकारीलाई आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित गाउँपालिका तथा नगरपालिका र स्थानीय प्रशासन सञ्चालन गर्ने निकायको कर्तव्य हुनेछ ।

## परिच्छेद-४

## विद्युतीय तथ्याङ्क भण्डार व्यवस्थापन

३०. **विद्युतीय तथ्याङ्क भण्डार स्थापना गर्ने :** (१) यस ऐन बमोजिम सङ्कलन गरिएका वैयक्तिक तथा जैविक विवरणहरूको एकीकृत भण्डारण तथा उपयोग गर्न विद्युतीय तथ्याङ्क भण्डार रहनेछ । सो तथ्याङ्क भण्डारमा आवश्यकता अनुसार प्रत्येक प्रदेश, जिल्ला वा स्थानीय तहमा रहेका विवरण तथा तथ्याङ्कलाई आबद्ध गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको तथ्याङ्क भण्डार र विभिन्न सरकारी कार्यालय तथा निकायहरुमा रहेका तथ्याङ्क भण्डारबीच सम्पर्क (लिंक) को व्यवस्था गरिनेछ ।

(३) उपदफा (१) बमोजिम भण्डारण भएको तथ्याङ्कलाई विभागमा तथा प्रचलित कानून बमोजिम स्थापित विपद् पुनर्लाभ केन्द्र (डिसास्टर रिकोभरि सेन्टर) मा समेत अतिरिक्त भण्डारण (ब्याक अप) को व्यवस्था गरिनेछ ।

(४) यस दफा बमोजिम तथ्याङ्क भण्डारमा विवरणको प्रविष्टि, अतिरिक्त भण्डारण, तथ्याङ्क प्रशोधन तथा प्रयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

३१. **तथ्याङ्क विवरण उपलब्ध गराउनु पर्ने** : (१) परिचयपत्र प्राप्त व्यक्तिको विवाह, बसाइँ-सराइ, सम्बन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना लगायतका कारणले विवरण सच्याउनु पर्ने भएमा त्यस्तो घटना दर्ता भएको मितिले पैतीस दिनभित्र तोकिए बमोजिमको ढाँचामा निवेदन दिई विवरण सच्याउनु पर्नेछ ।

(२) सोह्र वर्ष उमेर नपुगेको व्यक्तिको हकमा निजको आमा, बाबु वा परिवारको मुख्य व्यक्तिले जन्मदर्ता प्रमाणपत्र तथा अन्य तोकिए बमोजिमका कागजातसहित तोकिएको ढाँचामा निवेदन दिई नाबालकको विवरण उपलब्ध गराउनु र अद्यावधिक गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अवधिभित्र विवरण उपलव्ध गराउन नसक्ने व्यक्तिले कारण सहित निवेदन दिएमा तोकिए बमोजिमको विलम्ब शुल्क लिई त्यस्तो व्यक्तिको विवरण तथ्याङ्क भण्डारमा समावेश गरिनेछ ।

३२. **अन्य निकायले सङ्कलन गरेको विवरण प्रयोग गर्न सकिने:** यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले सङ्कलन गरेको व्यक्तिको वैयक्तिक वा जैविक विवरण, विद्युतीय स्वरूपमा रहेका विवरण र तथ्याङ्क परिचयपत्र प्रयोजनका लागि नेपाल सरकारको निर्णयानुसार विभागले प्रयोग गर्न सक्नेछ ।

३३. **विवरण अद्यावधिक गर्ने:** (१) विभागले देहायको आधारमा तथ्याङ्क भण्डारलाई अद्यावधिक गर्न सक्नेछः-

(क) यस ऐन तथा प्रचलित कानून बमोजिम दर्ता भएका व्यक्तिगत घटनाहरू,

(ख) तोकिए बमोजिम सम्बन्धित कार्यालय वा निकायबाट प्राप्त अन्य विवरण ।

(२) तथ्याङ्क भण्डारमा रहेको विवरण अद्यावधिक गर्दा जुन व्यक्तिको विवरण अद्यावधिक गर्नु पर्ने हो सोही व्यक्तिको परिचय नम्बरको आधारमा अद्यावधिक गरिनेछ ।

(३) कुनै व्यक्तिले दर्ता गराएको विवरणको सम्बन्धमा द्विविधा उत्पन्न भएमा विद्युतीय तथ्याङ्क भण्डारण भएको विवरणलाई मुख्य आधार मानिनेछ ।

३४. **जैविक तथा वैयक्तिक विवरण गोप्य रहने :** (१) तथ्याङ्क भण्डारमा रहेको व्यक्तिको जैविक तथा वैयक्तिक विवरण गोप्य राखिनेछ र दफा ३५ बमोजिमको अवस्थामा बाहेक अन्य कुनै निकायलाई उपलब्ध गराईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनको लागि तथ्याङ्क भण्डारमा रहेका व्यक्तिको विवरण विभागले गोप्य रुपमा रूजु (भेरिफिकेसन), भिडान (डिडुप्लिकेसन) र पहिचान (आईडेन्टिफिकेसन) गरी सोको परिणाम कानून बमोजिम सम्बन्धित निकाय वा अधिकारीलाई उपलब्ध गराउन बाधा पर्ने छैन :-

(क) कसूरको अनुसन्धान तथा अभियोजनको लागि प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीले माग गरेमा,

(ख) अदालतले माग गरेमा,

(ग) सम्बन्धित व्यक्तिले माग गरेमा ।

३५. **तथ्याङ्क भण्डारको पहुँच तथा उपयोग:** (१) सार्वजनिक सेवा प्रदान गर्नको निमित्त नेपाल सरकारले तोकेको निकायले विभागमा रहेको तथ्याङ्क तथा विवरणलाई व्यक्तिको वैयक्तिक गोपनीयता कायम रहने गरी आवश्यकता अनुसार उपयोग गर्न सक्नेछ ।

(२) व्यक्तिको वैयक्तिक गोपनीयता कायम रहने गरी सार्वजनिक संस्था तथा व्यावसायिक संस्थालाई तोकिए बमोजिमको दस्तुर लिई विभागमा रहेका तथ्याङ्क तथा विवरणलाई तोकिए बमोजिम उपयोग गर्न दिन सक्नेछ ।

(३) यस ऐन बमोजिम सङ्कलन तथा भण्डारण गरिएका तथ्याङ्क एवं विवरणमा अन्य निकायको पहुँच रहन सक्ने वा त्यस्तो तथ्याङ्क वा विवरण अन्य निकायले उपयोग गर्न सक्ने सीमा दफा ३३ को प्रतिकूल नहुने गरी नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(४) तथ्याङ्कको पहुँच तथा उपयोग सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३६. **तथ्याङ्क भण्डारको सुरक्षा** : (१) तथ्याङ्क भण्डारलाई व्यवस्थित र सुरक्षित राख्नको लागि देहाय बमोजिमको एक तथ्याङ्क सुरक्षा समिति रहनेछ :-

(क) मन्त्रालयको सचिव, - अध्यक्ष

(ख) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) महानिर्देशक - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको तथ्याङ्क सुरक्षा समितिले तथ्याङ्क भण्डारमा रहेका व्यक्तिका सम्पूर्ण विवरण यस ऐनको प्रयोजनको लागि एकै पटक प्राप्त गर्नु पर्ने अवस्था आएमा सो समितिका सबै सदस्यको अनिवार्य उपस्थितिमा तथ्याङ्कको प्राप्ति गर्नु पर्नेछ ।

(३) विपद् परेको वा प्रणालीमा आएको प्राविधिक गडबडीको परिणाम स्वरूप विभागमा रहेको प्राथमिक तथ्याङ्क भण्डारबाट नियमित कार्य सम्पादन हुन नसकेमा उपदफा (१) बमोजिमको तथ्याङ्क सुरक्षा समितिले विभाग वा विपद् पुनर्लाभ केन्द्र (डिसास्टर रिकोभरि सेन्टर) मा रहेको अतिरिक्त तथ्याङ्क भण्डारण (ब्याकअप) बाट कार्य सुचारू गर्न आवश्यक व्यवस्था मिलाउनेछ ।

(४) उपदफा (१) बमोजिमको तथ्याङ्क सुरक्षा समितिले परिचयपत्र तथा पञ्जीकरण व्यवस्थापन प्रणालीमा तथ्याङ्क भण्डारको सुरक्षण, व्यक्तिगत घटना दर्ता अभिलेखको सुरक्षण, परिचयपत्रको सुरक्षण, नेटवर्क स्तरमा अपनाईने सुरक्षण, एप्लिकेसन स्तरमा अपनाईने सुरक्षण लगायतका प्राविधिक सुरक्षणको लागि आवश्यक व्यवस्था मिलाउन लगाउनेछ ।

(५) उपदफा (१) बमोजिमको समितिको बैठक वर्षमा कम्तीमा २ पटक बस्नु पर्नेछ । समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-५

## संस्थागत व्यवस्था

३७. **निर्देशन दिन सक्ने** : (१) नेपाल सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण प्रणालीको सञ्चालन, व्यवस्थापन, सुरक्षण लगायतका नीतिगत विषयहरुमा आवश्यक निर्णय गर्ने तथा निर्देशन दिन सक्नेछ ।

३८. **समन्वय समितिः** (१) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणको व्यवस्थापन, कार्यान्वयन एवं तथ्याङ्क भण्डारको पहुँच र उपयोग सम्बन्धमा सम्बन्धित निकायहरू बीच समन्वय कायम गर्न र परिचयपत्र तथा पञ्जीकरण कार्यान्वयन सम्बन्धी आवश्यक कार्य गर्नको लागि देहाय बमोजिमको एक राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण समन्वय समिति रहनेछ :-

(क) सचिव, मन्त्रालय - अध्यक्ष

(ख) प्रहरी महानिरीक्षक, नेपाल प्रहरी -सदस्य

(ग) सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सहसचिव, मन्त्रालय (सम्बन्धित महाशाखा हेर्ने) - सदस्य

(ङ) सहसचिव, नेपाल सरकारको अर्थ मन्त्रालय - सदस्य

(च) सहसचिव, नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य

(छ) सहसचिव, नेपाल सरकारको कानून न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

(ज) सहसचिव, नेपाल सरकारको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

(झ) महानिर्देशक, केन्द्रीय तथ्यांक विभाग - सदस्य

(ञ) महानिर्देशक, सूचना प्रविधि विभाग - सदस्य

(ट) महानिर्देशक -सदस्य-सचिव

(२) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) समन्वय समितिको बैठकमा आवश्यकता अनुसार अन्य सरोकारवाला निकायका पदाधिकारीलाई आमन्त्रण गर्न सकिने छ।

३९. **<u>समन्वय समितिको काम, कर्तव्य र अधिकार</u>** : समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परिचयपत्र तथा पञ्जीकरण व्यवस्थापन कार्यको समन्वय गर्ने,

(ख) विभागको काम कारबाहीको अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ग) परिचयपत्र तथा पञ्जीकरण व्यवस्थापन सम्बन्धमा मन्त्रालयबाट प्राप्त निर्देशनहरू कार्यान्वयन गर्न आवश्यक समन्वय गर्ने,

(घ) तथ्याङ्क सुरक्षा समितिले निर्धारण तथा अध्यावधिक गरेका सुरक्षण सम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्ने,

तर प्रणालीको सुरक्षाका लागि निर्धारण तथा अध्यावधिक गरिएका यस्ता सुरक्षण विधिहरू गोप्य रहनेछन् ।

(ङ) परिचयपत्र तथा पञ्जीकरण प्रणालीको स्तरोन्नति, कार्यक्षेत्र विस्तार, प्रणालीको परिवर्तन, प्रणालीको समग्र व्यवस्थापन सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

४०. **<u>राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग</u>**: (१) यस ऐन बमोजिम राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण व्यवस्थापन सम्बन्धी काम गर्ने प्रयोजनको लागि मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग रहनेछ ।

(२) नेपाल सरकारको निर्णय अनुसार विभागले शाखा कार्यालय वा इकाइ स्थापना गरी कार्य सञ्चालन गर्न सक्नेछ ।

४१. **<u>महानिर्देशकः</u>** (१) नेपाल प्रशासन सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतले विभागको महानिर्देशकको रुपमा काम गर्नेछ ।

(२) परिचयपत्र तथा पञ्जीकरण प्रणालीको सञ्चालन, व्यवस्थापन, सुरक्षण, समन्वय र सुपरिवेक्षण गर्ने मुख्य जिम्मेवारी महानिर्देशकको हुनेछ ।

(३) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणका लागि निवेदनहरू सङ्कलन गर्ने गराउने,

(ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणका लागि दिइएका निवेदन उपर छानबिन गरी पञ्जीकरण गर्ने तथा परिचय नम्बर र परिचयपत्र जारी गर्ने,

(ग) तथ्याङ्क भण्डार एवं परिचयपत्र तथा पञ्जीकरणसँग सम्बन्धित अभिलेखहरू सुरक्षित र व्यवस्थित रूपमा राख्नको लागि आवश्यक प्रबन्ध मिलाउने,

(घ) तथ्याङ्क भण्डार तथा सोसँग सम्बन्धित अभिलेखहरूको गोपनीयता कायम राख्ने,

(ङ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण प्रणालीसँग अन्य निकायहरूको तथ्याङ्क भण्डार तथा सूचना प्रविधि प्रणाली बीच सूचना आदान प्रदानको प्रबन्ध मिलाउने,

(च) विभागको प्रशासकीय प्रमुखको रूपमा विभागबाट सम्पादन हुने काम कारबाहीको समन्वय, अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन गर्ने,

(छ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण प्रणाली व्यवस्थापनको क्रममा सुरक्षा निकायको समन्वयमा आवश्यक सुरक्षा व्यवस्था समेत मिलाई कार्य सम्पादन गर्ने गराउने,

(ज) नेपाल सरकारको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण र सामाजिक सुरक्षा सम्बन्धी नीतिको कार्यान्वयन गर्ने गराउने,

(झ) परिचयपत्र तथा पञ्जीकरण प्रविधिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय एवं संघ संस्थाहरूसँग सम्पर्क स्थापित गर्ने, सदस्यता प्राप्त गर्ने र सहयोग आदान प्रदान गर्ने,

तर त्यस्ता अन्तर्राष्ट्रिय निकाय एवं संघ सस्थाहरूको सदस्यता लिँदा समन्वय समितिको सिफारिसमा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ।

(ञ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण र सामाजिक सुरक्षा सम्बन्धी ऐन, नियम, निर्देशिका, निर्देशन, कार्यविधि र मापदण्डको कार्यान्वयन गर्ने गराउने,

(ट) नेपाल सरकार, निर्देशक समिति, समन्वय समिति र तथ्याङ्क सुरक्षा समितिले समय समयमा तोकेका अन्य कार्यहरू गर्ने गराउने ।

## परिच्छेद-६

## कसूर र सजाय

४२. **कसूर र सजायः** (१) कसैले देहायको कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी अभिलेख तथा तथ्याङ्क भण्डारमा रहेको कुनै विवरण वा सूचनालाई नष्ट गर्ने, क्षति पुऱ्याउने, मेटाउने, हेरफेर गर्ने, काम नलाग्ने बनाउने, अनधिकृत व्यक्तिलाई दिने, गलत सूचना निर्माण गर्ने, तथ्याङ्क भण्डारको विवरण वा सूचना चोरी गर्ने वा नष्ट गर्ने उद्देश्यले तथ्याङ्क भण्डार, कम्प्यूटर प्रणाली वा नेटवर्क संरचना लगायतका भौतिक पूर्वाधार, विद्युतीय तथ्याङ्क वा तथ्याङ्क प्रणालीमा क्षति पुऱ्याउने,

(ख) तथ्याङ्क भण्डार, सञ्चार नेटवर्क वा परिचयपत्र छपाइमा प्रयोग भएको कुनै कम्प्यूटर कार्यक्रम, कम्प्यूटर सफ्टवेयर, कम्प्यूटर प्रणाली वा नेटवर्कका लागि प्रयोग हुने कम्प्यूटर स्रोत सङ्केत (सोर्सकोड) चोरी गर्ने, क्षति पुऱ्याउने, नष्ट गर्ने वा अनधिकृत रुपमा परिवर्तन गर्ने,

(ग) परिचयपत्र तथा व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र प्राप्तिको लागि झुट्टा विवरण पेश गर्ने वा त्यसको लागि गलत वा झुट्टा कागजात तयार गर्ने,

(घ) परिचयपत्र तथा व्यक्तिगत घटना दर्ताको प्रमाणपत्रको नक्कल वा कीर्ते गर्ने,

(ङ) यो ऐन वा प्रचलित कानून बमोजिम बाहेक तथ्याङ्क भण्डार, परिचयपत्र तथा सम्बद्ध अभिलेखमा रहेको विवरणहरुको गोपनीयता भङ्ग गर्ने,

(च) झुट्टा विवरण हो भन्ने स्पष्ट आधार हुँदाहुँदै परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता प्रमाणपत्र दिने वा दिन लगाउने,

(छ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण सम्बन्धी विवरण सङ्कलन, प्रशोधन वा भण्डारण सम्बन्धी काम वा सेवा प्रवाह वा सो सम्बन्धी कार्यमा बाधा अवरोध पुऱ्याउने,

(ज) परिचयपत्र तथा व्यक्तिगत घटना दर्ता प्रमाणपत्रमा भएको विवरण आफुखुसी थपघट गर्ने, केरमेट गर्ने वा सच्याउने,

(झ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम प्रतिकूलको अन्य कुनै कार्य गर्ने।

(२) उपदफा (१) को खण्ड (क) वा (ख) बमोजिमको कसूर गर्ने व्यक्तिलाई क्षति पुगेको बिगो र बिगो बमोजिमको जरिबाना असूल उपर गरी पाँच देखि दश वर्षसम्म कैद वा पाँच लाख देखि दश लाख रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षदेखि पाँच वर्षसम्म कैद वा बीस हजार देखि पचास हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(४) उपदफा (१) को खण्ड (घ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम जालसाजी वा किर्ते गरे वापत हुने सजायमा थप पच्चीस प्रतिशत सजाय हुनेछ ।

(५) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिमको कसूर गर्ने व्यक्तिलाई दुई वर्षसम्म कैद वा एक लाख रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(६) उपदफा (१) को खण्ड (छ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पच्चीस हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(७) उपदफा (१) को खण्ड (ज) र (झ) बमोजिमको कसूर गर्ने व्यक्तिलाई एक महिनासम्म कैद वा पाँच हजार रुपैंयासम्म जरिबाना वा दुवै सजाय हुनेछ ।

(८) उपदफा (१) बमोजिमको कुनै कसूर गर्न सघाउने वा अन्य कुनै व्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

तर उपदफा (१) को खण्ड (ग), (घ) वा (ङ) बमोजिमको कुनै कसूर गर्न सघाउने वा अन्य कुनै व्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सरहको सजाय हुनेछ ।

४३. **मुद्दा हेर्ने अधिकारीः** (१) दफा ४२ को उपदफा (१) को (छ), (ज) र (झ) बमोजिमका मुद्दाको शुरू कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित मुद्दा बाहेक यस ऐन बमोजिमका अन्य मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

(३) उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीले शुरु कारबाही र किनारा गरेको मुद्दाको पुनरावेदन सम्बन्धित जिल्ला अदालतमा र उपदफा (२) बमोजिम जिल्ला अदालतले शुरु कारबाही र किनारा गरेको मुद्दाको पुनरावेदन सम्बन्धित उच्च अदालतमा लाग्नेछ ।

(४) उपदफा (३) बमोजिम पुनरावेदन गर्दा निर्णय भएको पैतीस दिन भित्र गर्नु पर्नेछ ।

४४. **संक्षिप्त कार्यविधि अपनाउनेः** यस ऐन अन्तर्गतको मुद्दाको कारबाही गर्दा प्रमूख जिल्ला अधिकारीले संक्षिप्त कार्यविधि ऐन, २०२८ अनुसारको कार्यविधि अपनाउनु पर्नेछ ।

४५. **नेपाल सरकार वादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकारवादी भई चल्नेछ र सो मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

## परिच्छेद-७
## विविध

४६. **विवरण सङ्कलन तथा राष्ट्रिय परिचयपत्र वितरणः** विभागले आफ्नो शाखा कार्यालय वा इकाइ वा स्थानीय अधिकारीबाट राष्ट्रिय परिचयपत्रको लागि नागरिकका वैयक्तिक तथा जैविक विवरणहरू सङ्कलन गर्ने र परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

४७. **टोली खटाउन सक्नेः** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले यस ऐन बमोजिमको विवरण सङ्कलन गर्न तथा राष्ट्रिय परिचयपत्र वितरण गर्न आवश्यकता अनुसार घुम्ती टोली खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम खटाइएको टोलीले विवरण सङ्कलन तथा राष्ट्रिय परिचयपत्र वितरण गर्दा अपनाउने कार्यविधि तथा अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ ।

४८. **शान्ति सुरक्षाको व्यवस्थाः** मन्त्रालयले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण व्यवस्थापनको लागि आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ ।

४९. **गैर आवासीय नेपाली र विदेशीलाई परिचयपत्र दिने:** (१) नेपाल सरकारले गैर आवासीय नेपाली र नेपालमा बसोबास गर्ने विदेशी नागरिकलाई तोकिए बमोजिमको छुट्टै परिचयपत्र जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको परिचयपत्र दिने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५०. **एकीकृत प्रणाली अवलम्बन गरिने:** यो ऐन बमोजिम व्यक्तिगत घटना दर्ता र परिचयपत्र तथा परिचय नम्बर प्रदान गर्ने सम्बन्धमा एकीकृत प्रणाली अवलम्बन गरिनेछ ।

५१. **असल नियतले गरेकोमा बचाउ:** यो ऐन बमोजिमको कार्यमा खटिएको राष्ट्रसेवकले असल नियतले गरेको कामका सम्बन्धमा त्यस्ता राष्ट्रसेवक उपर कुनै कारबाही गरिने छैन ।

५२. **अधिकार प्रत्यायोजन**ः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम महानिर्देशकलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही वा सबै अधिकार नेपाल सरकारको कुनै अधिकृत वा कार्यालय प्रमुख भई काम गर्ने कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

५३. **नियम बनाउने अधिकार:** यस ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

५४. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउने अधिकार**ः मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम प्रतिकूल नहुने गरी आवश्यकता अनुसार निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

५५. **प्रचलित कानून बमोजिम हुने**ः यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अरुमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

५६. **खारेजी र बचाउ:** (१) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ खारेज गरिएको छ ।

(२) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यो ऐन प्रारम्भ हुनु अघि तत्कालिन राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र, केन्द्रीय पञ्जीकरण विभाग र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।